# सत्यवति गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी

५ नं. प्रदेश , नेपाल


प.सं. ०७५।७६ मितिः २०७५/०४/२३

च.नं. ०६८

**विषयः व्यक्तिगत घटना दर्ता संशोधन सम्बन्धमा।**

श्री वडा कार्यालय (सबै),

सत्यवति गाउँपालिका,

प्रदेश नं. ५, नेपाल।

उपर्युक्त सम्बन्धमा त्यस कार्यालयमा व्यक्तिगत घटना दर्ता संशोधन गरिपाऊँ भनी निवेदन प्राप्त भएमा दर्ता भएको मितिले ६ महिना नपुगेको भए सम्बन्धित स्थानीय पञ्जकाधिकारीबाटै संशोधन गर्नुहुन, यदि दर्ता मिति ६ महिना नाघीसकेको भए एस्.एल्.सी. र सोभन्दा माथिल्लो तहको मार्कसिट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (जारी मिति ६ महिना नाघेको हुनुपर्ने), सम्बन्धित व्यक्ति र निजको आमाबाबुको नागरिकताको प्रमाणपत्र, अस्पतालमा जन्मेको भए अस्पतालले प्रदान गरेको जन्म प्रमाणपत्र, वडा कार्यालयबाट जनप्रतिनिधि र अन्य कम्तिमा ५ जना नेपाली नागरिकहरुसमेत भएर संशोधन गर्नु पर्ने तथ्य सही भएको भन्ने बुझिने सर्जमिन मुचुल्का, नाता प्रमाणित कागज, र विभिन्न सरकारी निकायबाट जारी भएका प्रमाणपत्रहरु समावेश गरी वडा सचिव र वडाध्यक्षबाट संयुक्त रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा लेखी पठाउन र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त रायबमोजिम स्थानीय पञ्जिकाधिकारीबाट व्यक्तिगत घटना दर्ता संशोधन सम्बन्धी काम कारवाही गर्नका लागि अनुरोध छ ।

२०७५।४।२३

यादव भण्डारी

प्रमुख प्रशासकीय अधिकृत


फोन नं. ०७९-४११०७६ मो.नं.९८५७०६७९०३ वेबसाइटः satyawatimun@gov.np इमेलः satyawatigaunpalika@gmail.com